## हाम्रा सेवाहरू

- मानव तस्करी स्रोतसाधनहरू
- यौन दुर्व्यवहारको सिकार भएकाहरूको लागि सेवा
- घरेलु हिंसाको सिकार भएकाहरूको लागि सेवा

मानव तस्करी: जबरजस्ती, ठगी गरेर वा डर-धम्की देखाएर कुनै पनि मानिसलाई व्यावसायिक यौन वा जबरजस्ती श्रममा लगाउन मानिसलाई गरिने शोषण।

यौन दुर्व्यवहार: कुनै व्यक्तिको सहमतिविना गरिने कुनै पनि यौन प्रकृतिको शारीरिक सम्पर्क।

घरेलु हिंसा: डेटिङ गर्दा, परिवारमा अथवा कुनै पनि घरेलु सम्बन्धमा एक जना व्यक्तिले अर्को व्यक्तिलाई नियन्त्रण गर्न अथवा शक्ति प्रदर्शन गर्नको लागि गरिने मौखिकशारीरिकयौन भावनात्मकमनोवैज्ञानिकर आर्थिक किसिमको दुर्व्यवहार, धम्की, जबरजस्ती गर्ने प्रवृत्ति।

अहिंसाको कुनै पनि वकालत सेवा निशुल्क हो, कानुनी सेवाको शुल्क लाग्न सक्छ अनि सबै कुरा गोप्य राखिनेछ।


**ASIAN SERVICES IN ACTION (ASIA)**

370 EAST MARKET ST.
AKRON, OH 44304

—

3631 PERKINS AVE., STE. 2A-W
CLEVELAND, OH 44114

—

AKRON TELEPHONE: 330-535-3263

—

CLEVELAND TELEPHONE: 216-881-0330

WEBSITE:
www.asiaohio.org/services/ahimsa/





ASIAN SERVICES IN ACTION

# a•him•sa

एसियन सर्भिसेस इन एक्सन (ASIA)



अहिंसाले तपाईँलाई गोप्य वकालत तथा विशेषज्ञहरूसँग कानुनी सेवा प्रदान गर्छ। यसको मुख्य उद्देश्य व्यक्तिगत अनि सामुदायिक तवरमा मानसिक स्वास्थ्य सुधार गर्नु हो।

हटलाइन नं: 330-203-1453

# हाम्रो लक्ष्य

अहिंसा एउटा यस्तो पहल हो जसले सबै जनाको सशक्तिकरण तथा आफ्नो आत्म-सम्मानको लागि वकालत गर्दछ।

हामी समुदायमा रहेर अरूलाई शिक्षित बनाउने अनि वकालत गर्ने कोसिस गर्छौं। हामी स्वस्थ सम्बन्ध कायम गर्न प्रोत्साहन दिन्छौं जसले आत्म-सम्मान, सशक्तिकरण, विश्वस्तता अनि आत्म-शान्ति कायम गर्न मदत गर्छ।

अहिंसाले विभिन्न यौन दुर्व्यवहार, सामाजिक हिंसा अनि मानव तस्करीका सिकार भएकाहरूलाई सांस्कृतिक अनि भाषिक दृष्टिकोणबाट गुणस्तरीय जानकारी, स्वास्थ्य अनि सामाजिक सेवाहरू व्यक्तिगत तवरमा प्रदान गर्दछ।




a·him·sa
/əˈhimˌsä/

हरेक जीवित प्राणीको लागि सम्मान अनि एकअर्काप्रति कुनै पनि हिंसाबाट उन्मुख

# कानुनी सहायता

- मार्सीको कानून अन्तर्गत रहेको आपराधिक अदालतमा पीडित पक्षको प्रतिनिधित्व
- सुरक्षा आदेश प्राप्त गर्ने
- आप्रवास सहायता
- आवास सहायता
- पारिवारिक कानून (छोडपत्र, हिरासत र जुभेनाइल)

# वकालत

- कानुनी वकालत
- मेडिकल वकालत
- सुरक्षा योजना
- सङ्कट हटलाइन
- मुद्दा व्यवस्थापन
- भाषा सहायता
- लाभ आकलन
- आर्थिक वित्तीय योजना
- आपत्कालिन आश्रय परामर्श
- आवास परामर्श
- परामर्श तथा समर्थन सेवाहरू
- समर्थन समूहहरू



# बचेकाहरूको लागि सहयोग

व्यक्तिगत शान्ति, विकास र निकोपनलाई समर्थन गर्दै




विभिन्न गाह्रा अवस्थाबाट गुज्रिएर पनि बाँचेकाहरूलाई हामी साहस ढुङ्गा दिन्छौं जसले उनीहरूको बहादुरी अनि साहस सम्झन मदत गर्नेछ। यसले अहिलेसम्म यो जीवनको यात्रामा कति टाढासम्म यात्रा गरे अनि अझै कति यात्रा गर्न बाँकी छ, त्यो कुरा याद गर्न मदत दिनेछ। साधारणतया साहस ढुङ्गा कुनै व्यक्तिले गवाही दिँदा (आफ्नो कथा सुनाउँदा) अथवा आफू निको हुने समयमा दिइने गरिन्छ।